मिति : २०७९/१२/०५
समय : १५:००

# सांग्रिला डेभलपमेन्ट बैंक लि.काठमाडौंको
## संचालक निर्वाचन कार्यक्रमको सूचना

सांग्रिला डेभलपमेन्ट बैंक लि.को मिति २०७९/१२/१७ गते सम्पन्न हुने १८औं वार्षिक साधारण सभाबाट कम्पनीको नियमावली तथा नियमनकारी निकाय नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन समेत बमोजिम संस्थापक शेयरधनी समूह "क" बाट प्रतिनिधित्व गर्ने ३ जना र सर्व साधारण शेयरधनी समूह "ख" बाट प्रतिनिधित्व गर्ने ३ जनामा कम्पनी ऐन २०६३ को दफा ८६(२) बमोजिम सञ्चालक समितिमा एक महिला सञ्चालक अनिवार्य रहनु पर्ने बाध्यात्मक व्यवस्था र संचालक समितिबाट पारित कम्पनीको निर्वाचन निर्देशिका, २०७९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनी समूह "ख" बाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालक मध्ये एक जना महिला सहित ३ जना गरी जम्मा ६ जना सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रम सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/१२/०८ | | दिनको ११:०० बजे | बैंकको केन्द्रीय कार्यालय, बालुवाटार |
| २ | मतदाता नामावलीमा दाबी विरोध गर्ने । | २०७९/१२/०८ | दिनको १४:०० | दिनको १६:०० | ऐ. ऐ. |
| ३. | मतदाता नामावलीमा छानबिन गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/१२/०८ | | दिनको १७:०० | ऐ. ऐ. |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने । | २०७९/१२/०९ | दिनको १०:०० | दिनको १२:०० | ऐ. ऐ. |
| ५. | मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरुको सूचि प्रकाशित गर्ने । | २०७९/१२/०९ | | दिनको १४ बजे | ऐ. ऐ. |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने | २०७९/१२/१० | दिनको १०:०० | दिनको १२:०० | ऐ. ऐ. |
| ७. | उम्मेदवारको मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरि उम्मेदवारको नामावली प्रकाशित गर्ने । | २०७९/१२/१२ | | दिनको १७:०० | ऐ. ऐ. |
| ८. | उम्मेदवारले आफ्नो मनोनयनपत्र फिर्ता लिने । | २०७९/१२/१३ | दिनको १०:०० | दिनको १२:०० | ऐ. ऐ. |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने । | २०७९/१२/१३ | | दिनको १३:०० | ऐ. ऐ. |
| १०. | मतदान गर्ने । | २०७९/१२/१७ | साधारण सभाका अन्य प्रस्तावहरु पारित भए पश्चात | | लैनचौर ब्याङ्क्वेट, लैनचौर |
| ११. | मतगणना गर्ने । | २०७९/१२/१७ | मतदान समाप्त भएपछि | | ऐ. ऐ. |
| ११. | मतगणनाको परिणाम घोषणा गर्ने । | २०७९/१२/१७ | मतगणना समाप्त भएपछि | | ऐ. ऐ. |

**नोट :**

१. मतदाता नामावली श्री एन. आई. बि. एल. एस क्यापिटल लिमिटेडद्वारा विद्युतिय माध्यमबाट प्राप्त भए अनुसार प्रकाशित गरिनेछ । कसैलाई मतदाता नामावली चाहिएमा विद्युतिय माध्यमबाट सिडीमा वा पेन ड्राईभमा कपी गरी तोकिएको रकम लिई उपलब्ध गराउन सकिनेछ ।

२. निर्वाचन अधिकृतको सहि र कम्पनीको छाप लगाएको मनोनयन पत्र मात्र स्वीकार गरिनेछ । मनोनयन पत्र निर्वाचन अधिकृतको कार्यालयबाट कार्यालय समय भित्र लिन सकिने छ ।

३. उम्मेदवारको दरखास्त दर्ता गर्न आउँदा सम्बन्धित उम्मेदवार, प्रस्तावक, सर्मथकको नेपाली नागरिकताको प्रतिलिपी, शेयर प्रमाणपत्रको प्रतिलिपी वा डिम्याट विवरणको प्रतिलिपी उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कानूनी व्यक्तिको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी, पछिल्लो शेयर लगत विवरण, सम्बन्धित अख्तियार प्राप्त निकायको निर्णय पुस्तिकाको प्रतिलिपी, अख्तियार

प्रदान गरेको पत्र, कर चुक्ताको प्रमाण पत्र, कालो सुचीमा नभएको प्रमाण पत्र (व्यक्तिको हकमा) समेत साथै पेश गर्नु पर्नेछ ।

४. कुनै शेयरधनीको एक भन्दा बढि शेयरधनी नं./हितग्राही खाता नं. खाता भएका हरेक खाताको अलग अलग प्रतिनिधी फारम भरी बुझाउनु पर्नेछ ।

५. शेयरधनीको नाम थर, हस्ताक्षर नभएको वा नमिलेको, शेयरधनी नं./हितग्राही खाता नं. नभएको वा नमिलेको, केरमेट गरेको वा टिपेक्स लगाएको प्रतिनिधि पत्र बदर हुनेछ ।

६. प्रोक्सी (प्रतिनिधि पत्र) २०७९।१२।०८ गते देखि २०७९।१२।१५ गते बिहान १०:०० बजे अगाडि सम्म बुझाई सक्नु पर्नेछ । प्रोक्सी (प्रतिनिधि पत्र) कम्पनीले प्रकाशित गरेको सूचना बमोजिम कम्पनीको शेयर रजिष्ट्रार श्री एन.आई.बि.एल.एस क्यापिटल लि.ले प्रमाणिकरण गरेको प्रोक्सी मात्र गणना गरिनेछ ।

७. उम्मेदवारको दरखास्त/मनोनयन पत्र साथ प्रस्तावक र समर्थक समेत स्वयम उपस्थित हुनु पर्नेछ ।

८. उम्मेदवार जुन समूहबाट भएको हो सोही समूहको शेयरधनी प्रस्तावक र समर्थक हुन पर्नेछ । साथै उम्मेदवारले वारेस पठाउने भएमा रितपूर्वकको वारेस समेत निर्वाचन अधिकृत कार्यालयमा उपस्थित भई सहि सनाखत गराउनु पर्नेछ ।

९. मतदान हुने दिन २०७९/१२/१७ गते जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समय देखि ३ घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ ।

१०. निर्वाचन कार्यक्रम तालिकामा तोकिएको दिन र समयमा सार्वजनिक बिदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

११. मतदाता शेयरधनीले आफ्नो शेयर भएको देखिने प्रमाणको अतिरिक्त आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु पर्नेछ ।

१२. मनोयनपत्र दर्ता गर्ने प्रयोजनको लागि रु १०,०००/- (अक्षरेपि दश हजार मात्र) (पछि फिर्ता नहुने गरी) नगदै दाखिला गर्नुपर्ने छ

१३. प्रोक्सी दर्ता गर्न आउदा तल उल्लेखित ढाँचामा विवरणहरु समावेश गरि फाइलिङ गरी ल्याउनुपर्ने छ ।

प्रोक्सीको विवरण उल्लेख गर्ने ढाँचा

| सि.नं. | शेयरधनी नं. /हितग्राही नं. | नम, थर | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

१४. अन्य थप जानकारीको लागि कम्पनीले प्रकाशित गरेको सूचना, कम्पनीको निर्वाचन निर्देशिका २०७९ तथा निर्वाचन अधिकृतले प्रकाशित गरेका सूचनाहरु हेर्न हुन सुचित गरिन्छ ।

.....................
लीलामणि पौडेल
निर्वाचन अधिकृत